# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, पुस २७ गते २०३३ साल**

श्री ५ को सरकार

**निर्माण तथा यातायात मन्त्रालयको**

**सूचना**

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले दक्षिणकाली वरिपरि सुधार कार्यको लागि वाग्मती अञ्चल, काठमाडौं जिल्ला, भीमसेनस्थान गाउँ पञ्चायत वडा नं. ४ ( ख ) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीहरूले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व खोला, पश्चिम कि.नं. ४३ को जग्गा र खोला, उत्तर कि. नं. ३७ को जग्गा र जंगल, दक्षिण खोला यति ४ किल्लाभित्रको कि. नं. ३८ को ३–२–० पूरै, कि.नं. ३९ को १–१–० पूरै, कि.नं. ४० को ३–१४–० पूरै, कि.नं. ४१ को २–१–० पूरै र कि.नं. ४२ को १–८–० पूरै समेतको जम्मा रोपनी ११–१०–० (एघार रोपनी दश आना ) को जम्मा तिरो रू. ३१।६२ (एकतीस रूपैयाँ बैसट्ठी पैसा) लागेको कित्ता।

आज्ञाले–
नारायणप्रसाद अर्जेल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।